नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या :- 078/079
च.नं. 966

# प्रेस विज्ञप्ति

मिति : २०७९/१/१५

- रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आज मिति २०७९ वैशाख १५ गते बिहिबारका दिन पहिलो पटक नेपाल वायुसेवा निगमको २७४ यात्रु क्षमताको (सी ३३० अन्नपूर्ण) वाइडबडी विमानको सफलतापूर्वक परीक्षण उडान सम्पन्न भएको छ ।
- परीक्षण उडानमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री मा. प्रेम बहादुर आलेको नेतृत्वमा मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणका उच्च अधिकारी र सञ्चारकर्मीहरू सहभागी हुनुहुन्थ्यो ।
- यो विमानस्थलमा २०७८ फागुन ६ गते देखि १० दिन लगाई एरोथाईको विमानले यान्त्रिक उडान (क्यालीब्रेसन फ्लाइट) सम्पन्न गरेको थियो ।
- नेपाल सरकारको अथक प्रयास, मित्र राष्ट्रहरू र दातृ संस्था एसियाली विकास बैङ्कको सहयोगमा सम्पन्न भएको यो परियोजनाले मुलुकको अर्थतन्त्र, आवागमन, व्यापार र पर्यटन विस्तारमा ठूलो टेवा पुग्ने विश्वास लिइएको छ ।
- परीक्षण उडानका क्रममा मा. मन्त्री प्रेम बहादुर आलेले लुम्बिनी प्रदेश र समग्र मुलुकको आर्थिक तथा पर्यटन विकासमा यो विमानस्थलबाट ठूलो टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।
- मा. मन्त्री प्रेम बहादुर आलेको पहलमा आगामी जेठ २ गतेबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल २४ सै घण्टा र आन्तरिक तर्फ १८ घण्टा सञ्चालनमा आउने भएका छन् ।
- नेपालकै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आए सँगै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बढ्दो हवाई चाप कम हुनेछ ।
- मा. पर्यटन मन्त्री प्रेम बहादुर आलेको अथक प्रयास, पटक-पटकको ताकेताका बावजुद गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तोकिएकै समयमा सञ्चालनमा आउन सफल भएको हो ।
- आगामी जेठ २ गते बुद्ध पूर्णिमाका दिन बुद्ध भूमिमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको व्यवसायिक उडान सुरु तथा उद्घाटन सम्माननीय प्रधानमन्त्रीबाट हुने तय भएको पर्यटन मन्त्रीले जानकारी दिनुभयो ।

15/1/79

प्रवक्ता
(डा. टोकराज पाण्डे)
सह-सचिव
डा. टोकराज पाण्डे
सहसचिव